सुरुङ्गा नगरपालिका, सप्तरी

कार्यपालिका बैठक

२०८२।०९।०२

प्रस्तावहरुः

१. योजनाहरुको सम्बन्धमा ।

२. मर्मत सम्भार कोष सम्बन्धमा ।

३. विविध :

(ग) दनुवारहरुको नवान्नी पर्वको लागि आर्थिक सहयोग सम्बन्धमा ।

(घ) दुनियालाल पासमानलाई आर्थिक सहयोग सम्बन्धमा ।

निर्णयहरुः

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सुरुङ्गा नगपालिकाको वडा नं. २ अन्तर्गत राष्ट्रिय योजना आयोगको समपूरक अनुदान अन्तर्गत भेडिया, कमलपुर, रक्साहा जाने सडक कालोपत्रे गर्ने कार्यको लागि रु.८७ लाख प्राप्त भएकोले यस नगरपालिकाबाट ५०/५० गरी रु.८७ लाख समपूरक कोषबाट व्यहोर्ने र साथै नगर तथा वडा स्तरीय योजनाको निर्माण कार्य सञ्चालन/कार्यान्वय को विधि प्रकृया सम्बन्धीको निर्णय वडा कार्यालयहरुले मिति २०८२।०९।०७ गते भित्र नगरकार्यपालिकाको कार्यालयमा पठाउने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८२।०८३ मा मर्मत सम्भार कोषमा विनियोजन भएको रकम रु.१६०००००।- (सोह लाख) मध्येबाट तपसिलिका सडकहरु मर्मत सम्भार गर्नको लागि रु.१०,००,०००। (दश लाख) बजेट विनियोजन गर्ने निर्णय गरियो।

तपसिलः

१. लोकमार्ग देखी हरिपुर गाउँ हुँदै वडा कार्यालय सम्मको सडकको ठाउँ ठाउँमा माटो पुर्ने, रुख विरुवाको जडा उखेली सरसफाइ गर्ने कार्य वडा नं.-७

२. बेचन चौधरीको घर देखी सुरुङ्गा नदी हुँदै दलित अधारभूत विद्यालयको सडकमा ठाउँठाउमा माटो पुर्ने, रुख विरुवाको जडा उखेली सरसफाई गर्ने कार्य वडा नं.-७

३. नयाँ ससुदायिक भवन देखी दक्षिण, पश्चिम र वडा नं. ८ को मुसहरी टोल उत्तर गुदरी हाट र सोही सडकमा माटो पुरी मर्मत गर्ने कार्य वडा नं.-७ ।

४. पूर्व-पश्चिम राजमार्ग देखी दक्षिण कडरबोना देखी रौव्रहट सडक खण्डको सडक मर्मत गर्ने कार्य वडा नं.-११ ।

५. पूर्व-पश्चिम राजमार्ग देखी उत्तर वडा नं.-६ वडा कार्यालय जाने बाटो मर्मत कार्य वडा नं.-६ ।

६. सत्यनारायण मण्डको घरदेखी उत्तर माटो पुरी मर्मत गर्ने कार्य वडा नं.-३ ।

७. शिशुवारी नदिदेखी पूर्व यादव टोल जाने बाटो मर्मत गर्ने कार्य वडा नं.-१ ।

प्रस्ताव नं. ३ (क) माथि छलफल गर्दा दनुवारहरुको नवान्नी पर्वको लागि रु.२५०००।- (अक्षरेपी पच्चीस हजार मात्र) आर्थिक सहयोग गरिने निर्णय गरियो ।

प्रस्ताव नं. ३ (ख) माथि छलफल गर्दा सुरुङ्गा नगरपालिका वडा नं. ८ बस्ने श्री दुनियालाल पासमानको छोरालाई बिरामी उपचार खर्च वापत रु.२५०००।- (अक्षरेपी पच्चीस हजार मात्र) सहयोग गरिने निर्णय गरियो ।

CamScanner

सुरुङ्गा नगरपालिका, सप्तरी | कार्यपालिका बैठक | २०८२।०९।१९

प्रस्तावहरुः

१. हिउदे नगरसभा सम्बन्धमा ।

निर्णयहरुः

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सुरुङ्गा नगर कार्यपालिकाको १६औं हिउदे नगरसभा मिति २०८२।०९।२५ गते दिनको ११:०० बजे श्री राष्ट्रिय आधारभूत विद्यालय सुरुङ्गा न.पा.-४, कनकपुरमा आयोजना गर्ने निर्णय गरियो ।